## राष्ट्रिय संरक्षण दिवस [illegible] आश्विन ७ गते

### प्रेस विज्ञप्ति

नेपालको संरक्षण इतिहासमा २०६३ आश्विन ७ गने तदनुसार २३ सेप्टेम्वर २००६ का दिन तत्कालिन वन तथा भू-संरक्षण मन्त्रालयका राज्यमन्त्री श्री गोपाल राई, सचिव श्री दामोदर पराजुली, यस विभागका पूर्व महानिर्देशकहरु डा.तिर्थमान मास्के र श्री नारायण प्रसाद पौडेल समेत २० जना यात्रु र चालक दलका ४ जना गरी कूल २४ जना व्यक्तिहरु ताप्लेजुङ्गको फक्तालुङ गाउँपालिका वडा नं. ६ स्थित फलेडाँडामा हेलीकप्टर दुर्घटनामा परी भएको ठूलो क्षतिको घटना सम्मरण गर्दै मृत आत्माको चीर शान्तिको कामना गर्दछु । यस दुर्घटनाका कारण नेपालले संरक्षणमा निक्कै गम्भीर क्षति व्यहोर्नु परेको छ । कन्चनजङ्गा संरक्षण क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी स्थानीय समुदायलाई हस्तान्तरण गर्ने पुनित कार्य सम्पन्न गरी घुन्सा क्षेत्रको स्थलगत अवलोकन गर्न जाँदै गर्दा संरक्षणकर्मीहरु चढेको श्री एयरको एम.आई-१७ हेलीकप्टर खराव मौषमका कारण दुर्घटनाग्रस्त भएको थियो ।

नेपाल सरकारले यस दिनको सम्झनामा हरेक बर्षको आश्विन ७ गतेलाई राष्ट्रिय संरक्षण दिवसको रुपमा मनाउदै आएको छ । उक्त घटनामा मृत्यु भएका व्यक्तिको सम्मान गर्दै काठमाण्डौंको चन्द्रागिरीमा संरक्षणविद् स्मारक पार्क निर्माण गरिएको छ । आज १५औं राष्ट्रिय संरक्षण दिवसको उपलक्ष्यमा संरक्षण सहिदहरुलाई पुनः स्मरण गर्दै उहाँहरुको योगदानको उच्च कदर गर्न चाहन्छु । उहाँहरुले देखाउनु भएको संरक्षणको मार्गमा लागिरहन यस दिवसले थप जागरुक बनाउनेछ भन्ने आशा र विश्वाश गर्दछु । यस बर्ष विश्वव्यापी महामारी कोभिड-१९ का कारण भेला, सभा, गोष्ठि आयोजना गरी दिवस समारोह मनाउन कठिनाई परेकोले व्यापकरुपमा कार्यक्रम सञ्चालन गर्न नसकिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

हाल नेपालले गरेका संरक्षणका सफल नतिजा हासिल गर्न उहाँहरुको अथक परिश्रम रहेकोले नै यो सम्भव भएको हो । संरक्षणमा प्राप्त उपलब्धीहरुमा उहाँहरुको योगदानको उच्च मुल्याङ्कन गर्दै आजको यस पुनित दिनमा संरक्षणका प्रयासलाई अझ घनिभूत बनाई प्रभावकारी जनसहभागिता जुटाई वन, वातावरण, वन्यजन्तु र जैविक विविधता संरक्षणमा नेपाललाई विश्वसामु पहिचान गराउन सकिएमा मात्र दिवंगत आत्मालाई शान्ति पुग्नेछ । यस दिशामा लाग्न हामी सबैलाई आजको दिनले थप प्रेरणा प्रदान गरोस् । सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद् ।

.....................

हरिभद्र आचार्य

सुचना अधिकारी

२०७८ आश्विन ७ गते बिहिबार

Scanned with CamScanner